# भिजन ईनर्जि एण्ड पावर लि.

(साविक भिजन ईनर्जि एण्ड पावर प्रा.लि.)

का.म.न.पा. १०, काठमाडौं, फोन नं ०१-५२४४९९८

Website: www.veplinfo.com, Email:visionenergy@veplinfo.com

# नवौं बार्षिक साधारणसभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८१/०४/२२)**

श्री शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८१/०४/२० गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस भिजन ईनर्जी एण्ड पावर लि. को नवौं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका बिषयहरु उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने तय भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना जारी गरिएको छ:

## सभा हुने मिति, समय र स्थान:

**मिति** : २०८१/०५/१४ (तद्नुसार २०२४/०८/३०) शुक्रबार

**समय** : दिनको ३:०० बजे

**स्थान** : भर्च्युअल विधि, जुम मार्फत

(जुम लिङ्क सभा हुनुपुर्व ईमेल तथा एस.एम.एस. मार्फत उपलब्ध गराइनेछ ।)

## छलफलका बिषयहरू :

### (क) साधारण प्रस्ताव

१. आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।

२. आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण स्वीकृत गर्ने सम्बन्धमा।

३. आर्थिक बर्ष २०८१/८२ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

(लेखापरीक्षक जे.पि.एस.डि. एण्ड एसोसिएट्स्, चार्टड एकाउन्टेन्ट्स् नियुक्तिका लागि योग्य हुनुहुन्छ।)

४ सञ्चालक समितिको निर्वाचन सम्बन्धमा।

### (ख) विशेष प्रस्ताव

१. कम्पनीको अधिकृत र जारी पूँजी बृद्धि गर्ने सम्बन्धमा।

२. कम्पनीको प्रबन्धपत्रको दफा ६ मा आवश्यक संशोधन गर्ने सम्बन्धमा।

३. प्रारम्भिक शेयर निष्काशन (IPO) मार्फत कम्पनीको सर्वसाधारणमा शेयर जारी गर्ने सम्बन्धमा।

४. धितोपत्रको प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) मार्फत जारी गर्ने क्रममा प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन तथा थपघट, नियमनकारी निकायबाट परिवर्तनको निर्देशन भएमा सोहि बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

### (ग) विविध

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव